"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमौली, तनहुँ

गण्डकी प्रदेश, नेपाल

२०७३

मिति २०८१/०२/०७

**प्रेश विज्ञप्ति**

आज मिति २०८१/०२/०७ गतेका दिन व्यास नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेको अध्यक्षतामा सम्पन्न भयो। साथै नगर उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु एवं प्रतिनिधी र कार्यपालिका सदस्यहरुको उपस्थितिमा निम्नानुसार मुख्य-मुख्य निर्णयहरु गरिएको सम्बन्धित सबैको जानकारीका लागि यो विज्ञप्ति प्रकाशित गरिन्छ।

१. व्यास नगरपालिकाको मिति २०८१/०१/२३ गते भएको बैठकका निर्णयहरुको बुँदागत समीक्षा गरियो।

२.व्यास नगरपालिका वडा नं. २ को पृथ्वी राजमार्ग तर्फका जिल्ला समन्वय समिति अन्तरगतका सटरहरुमा मिति २०८१/०२/०६ गते राती भएको आगोलागीबाट ठूलो धन सम्पत्तिको नोक्सानी भएकाले नगरपालिकाको तर्फवाट दुःख व्यक्त गर्ने निर्णय गरियो। उक्त आगो नियन्त्रणमा लिन नेपाली सेना, शसस्त्र प्रहरी, नेपाल प्रहरी नगरपालिकाका कर्मचारी, स्थानीयको अथक प्रयास र पृथ्वी राजमार्ग सडक आयोजना, तनहुँ जलविद्युत आयोजनाबाट उपलब्ध गराइएको दमकलबाट समेत सहयोग प्राप्त भई थप नोक्सान हुनवाट वजार एवं नगरपालिकाको कार्यालय, पसलहरु बचाउन सफल भएकाले सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आगजनीवाट धन सम्पत्ती नोक्सान हुने पिडितहरुको राहत सहयोगका लागी नोक्सानी विगो विवरण ३ दिन भित्र संकलन गरी पेश गर्न निम्नानुसाको समिति गठन गर्ने निर्णय गरियो।

क) संयोजक - श्री अनुप राना, वडा अध्यक्ष, वडा नं. ३

ख) सदस्य - श्री जिल्ला समन्वय समिति तनहुँ प्रतिनिधी

ग) " - श्री जिल्ला प्रशासन कार्यालय तनहुँ प्रतिनिधी

घ) " - जिल्ला प्रहरी कार्यालय तनहुँ प्रतिनिधी

ङ) " - जिल्ला रेडक्रस तनहुँ शाखा प्रतिनिधी

च) " - उद्योग वाणिज्य संघ दमौली बजार इकाई अध्यक्ष, श्री सुकनारायण मल्ल

छ) " - व्यास नगरपालिका इन्जीनियर श्री सुवास गौतम

ज) " - अग्नी पिडित प्रतिनिधी श्री केहरसिंह थापा

झ) " - " " श्री प्रताप अधिकारी

३) आज भएको व्यास नगर पालिकाको आ.व. २०८१/०८२ को वजेट तर्जुमा सम्बन्धि परामर्श बैठकमा सम्पूर्ण नगर सदस्यहरु, निवर्तमान कार्यपालिका सदस्यहरु सल्लाहकार सदस्यहरु, उद्योग वाणिज्य संघका प्रतिनिधीहरु, प्रदेश माननीय श्री अशोक कुमार श्रेष्ठ, जिल्ला समन्वय समिति प्रमुख श्री शान्तिरमण वाग्ले, पुर्व प्रदेश सांसद श्री सरिता गुरुङ, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्याक्ष डा. जगदिश चन्द्र पोखेल, गण्डकी प्रदेशका नीति तथा योजना आयोगका पुर्व उपाध्यक्ष डा. रघुराज काफ्ले, सवै शाखा/उपशाखा प्रमुखहरु सहभागी भई वैठक सम्पन्न भएकाले सहभागी सवैमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

४. २०८१ जेठ १ गते देखि लागु हुनेगरी प्लाष्टिक झोलामुक्त अभियान र श्रोतमै फोहोर वर्गीकरण गरि संकलन गर्ने कार्यमा सहयोग पुऱ्याउनुहुने नगरवासीमा धन्यवाद ज्ञापन गर्दै सम्बन्धित कार्यविधीलाई कडाइका साथ लागु गरी अनुगमन प्रकृयालाई समेत निरन्तरता दिने निर्णय गरियो।



Phone No. 065-563162/563163, Fax No.: 977-65-563233 Email: vyasmunicipality@gmail.com Web:www.vyasmun.gov.np

"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमौली, तनहुँ

गण्डकी प्रदेश, नेपाल

२०७३

५. नगरपालिकामा लागु गरिएका ऐनहरुमा आवश्यकता अनुसार संसोधन एवं नयाँ विधेयकहरु सम्वन्धित सरोकारवालाहरुसँग समन्वय गरी प्रस्ताव पेश गर्न विधान समितिलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

६. व्यास नगरपालिकाको वित्तिय साक्षरता नवप्रर्वतन तथा उद्यमशिलता रणनीति २०८१-२०८६ पारित गर्ने निर्णय गरियो ।

७. व्यास नगरपालिकाको वडा नं. ७,९,१०,११ मा निर्माण हुन गैरहेको शासकीय सुधार अन्तरगत सडक निर्माण योजनाको प्रथम तहको आयोजना श्रेत्र स्तरको गुनासो सुनुवाई समिति वडा नं. ११ का अध्यक्ष श्री दल बहादुर दुराको अध्यक्षतामा र द्वितिय तहको नगरपालिका स्तरको गुनासो सुनुवाई समिति उप प्रमुख श्री इन्दिरा दरैको अध्यक्षतामा गठन गर्ने निर्णय गरियो ।

८. व्यास नगरपालिका अन्तरगत वडा स्तरका जनप्रतिनिधीहरुको मर्यादाक्रम तोकिनु पर्ने माग एवं गुनासो रहदै आएकोमा निम्नानुसार मर्यादाक्रम तोक्ने निर्णय गरियो ।

क) वडा अध्यक्ष

ख) सम्वन्धित वडाको कार्यपालिका सदस्य

ग) दोश्रो पटक निर्वाचित वडा सदस्य

घ) दोश्रो पटक निर्वाचित वडा सदस्य धेरै भएका उमेर जेष्ठताको आधारमा क्रमश रहने ।

ङ)नयाँ निर्वाचित सदस्यहरुमा जेष्ठताको आधारमा क्रमश रहने ।

९. गण्डकी प्रदेश सरकारका तर्फवाट आ.व. ०८१/०८२ का लागी यस नगरपालिकालाई समानीकरण वजेट रु २,५९,०८,०००। र सवारी कर आय वाँडफाँडमा २,५१,७१,०००। समेत जम्मा ५१०७९०००। श्रोत सिमा निर्धारण भई आएको वैठकमा जानकारी प्राप्त भयो ।

१०.आजै एक समारोहका विच व्यास नगरपालिकालाई पूर्णखोप सुनिस्चीत नगरपालिका घोषण गर्ने निर्णय गरियो ।

११.तनहुँ जिल्लामा सञ्चालनमा हुन गइरहेको आइं पि.भि.खोप अभियान सम्बन्धि यस नगरपालिकाका सम्पूर्ण कार्यपालिका सदस्यहरुलाई स्वास्थ्य तथा जनसंख्या शाखा द्धारा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो ।

06.02.1079
..........

जीवन गुरुङ

प्रवक्ता एवं वडाध्यक्ष ६